नगर उप-प्रमुख श्री आरती देवी चौधरीज्यूबाट कृष्णनगर नगरपालिकाको
१४ औं नगर अधिवेशनमा प्रस्तुत गरिएको

# आ.ब. २०८२/०८३ को बजेट बक्तव्य

कृष्णनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कृष्णनगर, कपिलवस्तु

मिति २०८२।०३।१० गते, मंगलबार

कृष्णनगर नगरपालिका

कृष्णनगर, कपिलवस्तु ।

आ.ब. २०८२/८३ को

मिति:२०८२/०३/१०

## बजेट वक्तव्य

यस कृष्णनगर नगरपालिकाको चौधौं नगर सभाका आदरणीय सभाअध्यक्षज्यू, नगर सभाका सचिवज्यू, सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, कर्मचारीज्यूहरु, सुरक्षाकर्मी एवं पत्रकारज्यूहरु ।

१. कृष्णनगर नगरपालिकाका आम नगरबासीको चाहना र हाम्रो क्षमता बीच सन्तुलन कायम गर्दै विकासको प्रतिफललाई संस्थागत गर्दै जान जनताको घरदैलोको सरकार, कृष्णनगर नगरपालिकाको यस चौधौं नगरसभा समक्ष आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले हर्षोल्लित अनुभूति गरेको छु ।

सभाका आदरणीय सभाअध्यक्षज्यू,

प्रस्तुत बजेट, नेपालको संविधान, प्रचलित ऐन नियम, दीगो विकासका लक्ष्य, सोह्रौं योजना, कृष्णनगर नगरपालिकाको आवधिक योजना तथा नगरबासीको सर्वोत्तम हित आदिलाई आधारको रुपमा लिई तयार भएको छ । अब म, आ.व. २०८२/०८३ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्य र प्राथमिकताहरुः**

आ.ब. २०८२/८३ को बजेटका उद्येश्य तथा प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

१. सडक, सिँचाई, खानेपानी, शिक्षा तथा स्वास्थ्य ढल निकास तथा शहरी पुर्वाधारको विकास मार्फत नगरबासीको जीवनस्तरमा सुधार गर्नु,

२. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धिमार्फत आय आर्जनको क्षेत्र विस्तार गर्दै आर्थिक विकास हासिल गर्नु,

३. सीप तथा दक्षता बृद्धि, रोजगारी सृजना, सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम मार्फत सामाजिक समावेशीकरण हासिल गर्नु,

४. स्रोत, साधन र अवसरको उच्चतम तथा उत्पादनमुखी उपभोग मार्फत नगरपालिकालाई आत्मनिर्भर बनउनु,

५ प्रविधिमैत्री सेवा प्रवाह, सुशासनयुक्त, जनमैत्री तथा विकासमुखी प्रशासन मार्फत लोक कल्याणकारी सेवाको विस्तार ।

आदरणीय नगरसभाका सभाअध्यक्ष ज्यू,

आ.व. २०८२/८३ को बजेट श्रोत तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालू आ.ब. २०८१/८२ को लागि कूल ७१ करोड ४० लाख ३६ हजार को आय व्यय अनुमान भएकोमा आ.ब. २०८०/८१ को थप अल्या र बैंक मौज्दात रु ९ करोड ६५ लाख ५१ हजार २०४ गरी रु ७० करोड ८३ लाख ०२ हजार २९३ संशोधित आय भएको छ ।

२. चालू आ.ब. २०८१।८२ को कूल बजेटको स्रोतहरु मध्ये मिति २०८२।०३।०९ गते सम्म चालू तर्फ रु ३७ करोड ११ लाख ६२ हजार (६९.१९ प्रतिशत) र पुँजीगत तर्फ रु १६ करोड ८९ लाख ४४ हजार (५३.६२ प्रतिशत) गरी कूल रु ५१ करोड ०१ लाख ०६ हजार ( ६३ दशमलब ११ प्रतिशत) यथार्थ खर्च भएकोछ ।

३. आन्तरिक राजश्व तर्फ चालू आ.ब.को लागि ३ करोड २५ लाख आय अनुमान गरिएकोमा ३ करोड ४० लाख आन्तरिक राजश्व प्राप्त भएको छ जुन अनुमानित आयको ४ दशमलब ६१ प्रतिशतले बढि हो ।

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु,

४. अब म, कृष्णनगर नगरपालिकाको गत वर्षको यर्थाथ आय, चालू आ.ब.को संशोधित आय र आगामी आ.ब. २०८२/८३ को संशोधित आय/व्यय यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आय तर्फः**

| आय स्रोत | आ.ब. २०८०/८१ को यथार्थ रु. | आ.ब.२०८१/८२ को संशोधित आय रु. | आ.ब २०८२/८३ को अनुमानित रु. | कैफियत |
|---|---|---|---|---|
| **संघीय** समानीकरण | १४६६६१०००.०० | १४७०९१२८०.०० | १५५५०००००.०० | |
| शसर्त चालु र पुँजीगत | २६९२१९९२६.०० | २४११९४५०९.०० | २८९१०००००.०० | |
| समपुरक | ४००००००.०० | १५००००००.०० | ६००००००.०० | |
| राजश्व बाँडफाँड | १०९७८८७६९.०० | १०६८०५४३२.८० | १३३६७३७१२.०० | |
| विषेश | १३६०८०७०.०० | १९७९९५००.०० | ५७७०००००.०० | |
| **प्रद्रेश** समानीकरण | ८९६४०००.०० | ११४२५०००.०० | १०९०८०००.०० | |
| शसर्त चालु र पुँजीगत | १०२७५०००.०० | ७३७३१५२.०० | ५५००००००.०० | |
| समपुरक | १२००००००.०० | ८४५९००१.०० | १२००००००.०० | |
| राजश्व बाँडफाँड | १२७९१०५६.०० | १२१८०६८६.०० | १४६७००००.०० | |
| विषेश | १५००००००.०० | १३६५५२९.०० | १७०००००.०० | |
| **आन्तरिक आय** | ३३०२८५१४.०० | ३४००००००.०० | ३७५०००००.०० | |
| चालू आ ब अल्या | २२४९२१०२२.०० | ९६५५१२०४.०० | ३४३८६१८८.०० | |
| सडक बोर्ड | ४४२८७५५.०० | ६२५७०००.०० | ४००००००.०० | |
| जिल्ला समन्वय समिति | १७८५८५.०० | ८०००००.०० | ५००००००.०० | |
| **कूल जम्मा** | ८५१३६४६९७.०० | ७०८३०२२९३.८० | ७६७६३७९००.०० | |

आगामी आ.ब.२०८१/८२ मा संघीय सरकारबाट रु ६४ करोड १९ लख ७३ हजार ७१२, लुम्बिनी प्रदेश सरकारबाट रु ४ करोड ४७ लाख ७८ हजार र आन्तरिक आय (सडक बोर्ड र

जिल्ला समन्वय समेत) तर्फ रु ४ करोड ६५ लाख र ३ करोड ४३ लाख ८६ हजार १८८ गरि कूल ७६ करोड ७६ लाख ३७ हजार ९०० को आय हुने अनुमान गरेको छु ।

**व्यय तर्फ:**

पुँजीगत तर्फ रु २७ करोड ४७ लाख १० हजार (३५. ७९ प्रतिशत) र चालू तर्फ रु ४९ करोड २९ लाख २७ हजार ९०० (६४.२१ प्रतिशत) गरी कूल रु ७६ करोड ७६ लाख ३७ हजार ९०० देहाय बमोजिमका योजना तथा कार्यक्रम तथा विषयगत क्षेत्रमा खर्च हुने अनुमान गरेकोछु ।

| क्रम सं. | विवरण | पूँजीगत खर्च | चालू खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | नगरपालिका र विषयगत शाखा | ११०३५०००० | १७४२८७९०० | २८४६३७९०० |
| २ | सडक बोर्ड | ४०००००० | ० | ४०००००० |
| ३ | जिल्ला समन्वय समिति | ५०००००० | ० | ५०००००० |
| ४ | वडा तर्फ | ६१२००००० | ४०८००००० | १०२०००००० |
| ५ | संघ ससर्त | ७४९६०००० | २७७८४०००० | ३५२८००००० |
| ६ | प्रदेश ससर्त | १९२००००० | ० | १९२००००० |
| | जम्मा | २७४७१०००० | ४९२९२७९०० | ७६७६३७९०० |
| | प्रतिशत | ३५.७९ | ६४.२१ | |

आ.ब. २०८२/८३ को लागि नगरपलिका तथा वडा स्तरमा योजना तथा कार्यक्रम तर्जुमा गर्दा विषयगत क्षेत्रमा देहाय बमोजिमको प्रतिशतले रकम निर्धारण गरेर कार्यक्रम तथा योजना बनेको अनुमान गरेको छु ।

तपसील:

| सि नं. | विषयगत क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक विकास | १० प्रतिशत |
| २ | सामाजिक विकास | १५ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ६० प्रतिशत |
| ४ | वन तथा वातावरण संरक्षण | ८ प्रतिशत |
| ५ | सुशासन प्रवर्द्धन | ७ प्रतिशत |
| | **कूल** | **१०० प्रतिशत** |

प्रस्तुत बजेट भित्र समेटिएका योजना तथा कार्यक्रमहरु छुट्टै अनुसूचीमा व्यवस्था गरिएको छ ।
आदरणीय सभाका अध्यक्षज्यूहरु,
अब म आ.व. २०८२/८३ को लागि आर्थिक विधेयक प्रस्तुत गर्ने अनुमति दिन चाहन्छु ।

धन्यबाद ।

कृष्णनगर, असार महिना १० गते २०८२ साल रोज ३ मा शुभम् ।

आरती देवी चौधरी
नगर उप-प्रमुख